आज मिति २०७५/४/३१ गतेका दिन यस भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भुपेन्द्रबहादुर चन्दको अध्यक्षतामा कार्यपालिका बैठक बसी तपशिलको उपस्थितीमा तपशिल बमोजिमको निर्णय गरियो ।

श्री भुपेन्द्रबहादुर चन्द, नगर प्रमुख

श्री रेणु आचार्य, उप प्रमुख

श्री नवराज कार्की, वडा अध्यक्ष, वडा नं. १

श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष, वडा नं. २

श्री जीत बहादुर सुनार, वडा अध्यक्ष, वडा नं. ३

श्री महाविर खत्री, वडा अध्यक्ष, वडा नं. ४

श्री प्रेम बहादुर सारु, वडा अध्यक्ष, वडा नं. ५

श्री बलबहादुर खड्का, वडा अध्यक्ष, वडा नं. ६

श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष, वडा नं. ७

श्री पदमबहादुर खत्री, वडा अध्यक्ष, वडा नं. ८

श्री लक्ष्मन राना, वडा अध्यक्ष, वडा नं. ९

श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष, वडा नं. १०

श्री तीलकराम डाँगी, वडा अध्यक्ष, वडा नं. ११

श्री रमना दमाई, का.वा.वडा अध्यक्ष, वडा नं. १२

श्री टिकाराम सुवेदी, वडा अध्यक्ष, वडा नं. १३

श्री प्रतिक्षा विक - कार्यपालिका सदस्य

श्री खिमकुमारी राना - कार्यपालिका सदस्य

श्री मोतिसरा खत्री - कार्यपालिका सदस्य

श्री भुमीकला सुनार - कार्यपालिका सदस्य

श्री खिम बहादुर कामी - कार्यपालिका सदस्य

श्री शेर बहादुर कामी - कार्यपालिका सदस्य

श्री विष्णु खत्री - कार्यपालिका सदस्य

श्री कृष्ण प्रसाद खरेल, प्रमुख प्रशासकिय अधिकृत-सचिव

श्री मान बहादुर ठाडा, लेखाअधिकृत(सहयोगी)

श्री कुलबहादुर खड्का, प्रशासन शाखा (सहयोगी)

Scanned by CamScanner

**प्रस्ताव नं. १ : दरबन्दी विवरण स्वीकृत सम्बन्धमा ।**

निर्णय नं. १ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट च.नं. १0, मिति २०७५/४/६ गतेको पत्रानुसार प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको संगठन तथा दरवन्दी विवरण स्वीकृत गरी संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : पोल सार्ने सम्बन्धमा ।**

निर्णय नं. २ : यस नगरपालिकाको बजार क्षेत्रमा रहेका विद्युत तथा टेलिकमका पोलहरु सार्नका लागि नेपाल विद्युत प्राधिकरण सुर्खेत तथा टेलिकम सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ : सडक नाला निर्माण सम्बन्धमा ।**

निर्णय नं. ३ : यस नगरपालिका क्षेत्रभित्र पर्ने बबईदेखि भेरी पुलसम्मको सडक क्षेत्रभित्र पर्ने रत्न राजमार्गमा भएको अतिक्रमणलाई हटाई सकिएको र नाला नहुँदा दूर्घटना समेत हुने जोखिम बढेकोले सो क्षेत्रमा नाला निर्माणका लागि आ-आफ्ना कार्यक्षेत्रभित्र पर्ने सम्बन्धित डिभिजन संडक कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : राहत वितरण सम्बन्धमा ।**

निर्णय नं. ४ : यस नगरपालिका क्षेत्रभित्र आईपर्ने विपद्‌बाट उत्पन्न जोखिममा परेका तपसिल बमोजिमका विपदका लागि विपद् व्यवस्थापनका लागि विनियोजन बजेटको सिमाभित्र रही वडा कार्यालयको सिफारिस र स्थलगत प्रहरी मुचुल्काको आधारमा तपसिल बमोजिमको राहत उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल</u>

१) हावाहुरीबाट क्षति पुगेका विद्यालयका लागि रु १५००/ देखि ३०००/सम्म ।

२) हावाहुरी तथा चट्याङ्गसमेतबाट क्षति पुगेका निजी घरहरुको लागि १०००/ देखि २५००/ सम्म ।

३) आगलागीबाट पूर्ण रुपमा क्षति भएका घरको लागि २५००/ देखि ५०००/ सम्म ।

४) बाढी पहिरोबाट घरमा क्षतिभएकाको हकमा रु १०००/ देखि ३०००/ सम्म ।

५) बाढी पहिरोका कारण बालीमा क्षति भएकोमा प्रति रोपनी रु १०००/ का दरले राहत रकम उपलब्ध गराउने ।

**प्रस्ताव नं. ५ : सूचना प्रविधि अधिकृतको लागि रकम व्यहोर्ने सम्बन्धमा ।**

निर्णय नं. ५ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको च.नं. ४७७ मिति २०७५/३/२४ गतेको पत्रानुसार यस कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृतलाई उपलब्ध गराउने मासिक तलबको २५ प्रतिशत रकम परामर्श शिर्षकबाट वेहोर्ने निर्णय गरियो । साथै मन्त्रालयको च.नं. ४८५ मिति २०७५/३/२८ को पत्रानुसार सूचना प्रविधि अधिकृतको करार म्याद २०७५ श्रावण १ गतेदेखि २०७५ पौष मसान्तसम्म करार सम्झौता गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ : हिमशिखर क्याम्पसको लागि भवन उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. ६ : यस नगरपालिकाको एक मात्र क्याम्पसको रुपमा रहेको हिमशिखर बहुमुखी क्याम्पस रामघाट सुर्खेतको आफ्नै भवन नभई शिखर मावि रामघाटमा कक्षा संचालन गरिरहेकोमा शैक्षिक शत्र २०७५ देखि उक्त विद्यालयमा आईएस्सी एजी कक्षा संचालन गर्न तत्काल भवन अभाव रहेकोले अर्को व्यवस्था नहुन्जेलका लागि नमूना कृषि सेवा केन्द्र रामघाट र स्वास्थ्यको पुरानो भवन उपलब्ध गराउने निर्णय गरियो । साथै सो भवनको मर्मत सम्भार तथा फर्निसिङ्गका लागि रु ४ लाख(३ लाख फर्निचर र १ लाख पेन्टीङ्ग तथा मर्मत) रुपैयाँ कन्टल्जेन्सी शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner